का.जि.प्र.का.द.नं. १००/०५९/६०
- वर्ष १८, अंक ६५
- ५ बैशाख २०७७, शुक्रबार
- 17 April 2020, Friday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | १६ जना | १ जना | ७२२४ | १०३ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २१ लाख १ हजार | पाँच लाख २३ हजार | एक लाख ३६ हजार | १४ लाख ४० हजार |

# लकडाउन उल्लङ्घन गरे जेल !

- पहाडी क्षेत्रका सुरक्षाकर्मी सीमा पठाइने
- विदेशबाट आएका व्यक्ति लुकाउनेलाई पनि कार्बाही

**कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिको बैठकले लकडाउन उल्लंघन गर्नेलाई एक महिनासम्म जेल पठाउने निर्णय गरेको छ ।**





**'लकडाउन प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रहरी प्रशासनबाट अनावश्यक आवागमन गर्नेलाई थुनामा राख्नेसम्मको कार्बाही हुनेछ ।'**

● **नारायणप्रसाद बिडारी**
प्रवक्ता, उच्च स्तरीय समिति

**सदरमुकाम मार्तडी बजारमा बिहीबार बन्दाबन्दीको अवज्ञा गर्नेलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय बाजुराको परिसरमा दुरी कायम गरी राखिएका सर्वसाधारण । तस्वीर : प्रेम रौले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ वैशाख

कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिले लकडाउन उल्लंघन गर्नेलाई एक महिनासम्म जेल राख्ने निर्णय गरेको छ । संक्रामक रोग ऐन-२०२० बमोजिम लकडाउन गर्नेलाई एक महिनासम्म जेल पठाउने निर्णय गरेको उच्च स्तरीय समितिका प्रवक्ता नारायणप्रसाद बिडारीले बताए ।

प्रधानमन्त्री कार्यालयका सचिव रहेका प्रवक्ता बिडारीका अनुसार, समितिको निर्णय पछि प्रहरी र प्रशासनलाई निर्देशन समेत दिइसकेको छ । समितिको निर्णय लगत्तै बिहीबारबाटै राजधानी उपत्यकामा लकडाउन थप कडाइ गरिएको छ । बाक्लो सुरक्षाकर्मी परिचालन गरिएको छ भने चेकजाँचमा कडाइ गरिएको छ । प्रवक्ता बिडारीले भने, "लकडाउन प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रहरी प्रशासनबाट अनावश्यक आवागमन गर्नेलाई थुनामा राख्नेसम्मको कार्बाही हुनेछ ।" उनले लकडाउन उल्लङ्घन गर्नेको संख्या बढेकाले जेल पठाउनेसम्मको निर्णय भएको बताए ।

समितिको निर्णय लगत्तै गृह प्रशासनले लकडाउन कडाइ गर्न निर्देशन दिइसकेको छ । गृह प्रशासनका अनुसार, समितिको निर्णय कार्यान्वयन गराउन लकडाउन कडाइ गर्न प्रहरीलाई निर्देशन दिएको छ । राजधानी उपत्यका सहित देश लकडाउनमा कडाइ गर्ने सँगै सीमा सुरक्षालाई पनि कडाई गरिने भएको छ । सीमाबाट हुन सक्ने संभावित प्रवेश पूर्ण रुपमा नियन्त्रण गर्न र कोही अनाधिकृत रुपमा प्रवेश गरे पक्राउ गर्नेसम्मको निर्णय गरिएको छ ।

बिहीबार बसेको समितिको बैठकले प्रमुख जिल्ला अधिकारीहरुलाई समेत निर्देशन दिएको छ । सिनामाबाट लुकीछिपी नेपाल आउने र उनीहरुलाई लुकाउनेलाई समेत कार्बाही गर्न निर्देशन दिइएको छ । सरकारले पहाडी क्षेत्रको सुरक्षाकर्मी कटौती गरी सीमा क्षेत्रमा तैनाथ गर्ने समेत निर्णय गरेको छ । उच्च स्तरीय समितिमा रहेका एक मन्त्रीका अनुसार, छिमेकी मुलुक भारतमा कोरोनाको संक्रमण बढेसँगै सीमा क्षेत्रमा थप कडाइ गर्न लागिएको हो ।

स्वास्थ्य मन्त्रालयका अनुसार, बिहीबारसम्म देशभरका विभिन्न १२ स्थानबाट सात हजार २४० जनाको कोरोना परीक्षण गरिएको छ । त्यस मध्ये १६ जनामा संक्रमण देखिएको छ । चीनबाट आएका संक्रमित विद्यार्थी भने निको बाँकी पृष्ठ २ मा

# एसियामा कम संक्रमित देश नेपाल

**मध्यान्ह संवादाता**
काठमाडौं, ४ वैशाख

**कोरोना फैलिएको एसियाली मुलुकहरूले महामारी धेरै हदसम्म नियन्त्रण गरेको छ । बिहीबार साँझसम्म संक्रमण देखिएको ४८ देशहरूमा तीन लाख तीस हजार संक्रमित देखिएका छन् भने १२ हजारको मृत्यु भएको छ । कम संक्रमण देखिनेमा नेपाल अन्तिम चौथोमा छ ।**

कोरोना महामारीबाट सवैभन्दा बढी अमेरिका प्रभावित बनेको छ । बिहीबार साँझसम्म अमेरिकामा मृत्यु हुनेको संख्या २८ हजार नाघेको छ भने संक्रमित हुनेको संख्या ६ लाख ४० हजार नाघेको छ । अमेरिका सहित यूरोपका स्पेन, इटाली, फ्रान्स र यूके गरी पाँच देशमा मात्रै मृत्यु हुनेको संख्या एक लाख नाघेको छ ।

तर, कोरोना फैलिएको एसियाली मुलुकहरुले भने कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजारमा सीमित राखेको छ । बिहीबार साँझसम्म एसियाली मुलुकहरुमा मृत्यु हुनेको संख्या १२ हजार दुई सय छ । एसियाका ४८ देशमा बिहीबार साँझसम्म तीन लाख ३० हजार संक्रमित देखिएका छन् । कम संक्रमण देखिनेमा नेपाल अन्तिम चौथौमा छ । बिहीबार स्वास्थ्य मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी गएको २४ घण्टामा नेपालमा कसैलाई पनि कोरोनाको संक्रमण नदेखिएको बताएको छ ।

बुधबारसम्म १६ जना संक्रमण देखिएको नेपाल भन्दा कम संक्रमण देखिने मुलुकहरुमा टिमोरमा आठ जना, भुटानमा पाँच जना र यमनमा एक जना छन् । एसियाली मुलुक चीनबाट गएको डिसेम्बरबाट कोराना शुरु भएपनि एसियाली मुलुकहरुमा आधा भन्दा धेरै बिरामी निको भएका छन् । जबकी, विश्वव्यापी बाँकी पृष्ठ २ मा

# बिचल्लीमा परेकाहरुको चिन्ता



**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले कोरोना भाइरसको सम्भावित सङ्क्रमणबाट बच्न गरिएको 'लकडाउन'का कारण दैनिक ज्यालादारी गरेर खानेहरु घर जाने क्रममा विचल्ली परेकाप्रति सरकारको ध्यानाकर्षण गरेको छ । आयोगका सचिव वेदप्रसाद भट्टराईले आज जारी गरेको प्रेस विज्ञप्तिमा गत चैत ११ गतेदेखि सरकारले गरेको लकडाउन लामो समय भएका कारण सीमित खर्चबाट जीविका गर्दै आएका मानिस घर जाने क्रममा अलपत्र परेका अनुगमनबाट पाइएको जनाएको छ ।

"सीमित खर्च लिइ घर छाडी हिँडेका नागरिकलाई स्थानीय तहबाट राहत वितरणसमेत हुन नसक्दा बिरामी, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती तथा सुत्केरी महिलासहित श्रमिक ठूलो सङ्ख्यामा राजमार्गमा बाँकी पृष्ठ २ मा

# कामदारको उद्धार गर्न सरकारका नाममा आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ बैशाख

सर्वोच्च अदालतले उपयुक्त विधि र प्रणालीको व्यवस्था गरी विदेशमा रोजगारी गुमाई अलपत्र पर्ने अवस्थामा रहेका नेपाली कामदारहरुको उद्धार गर्न नेपाल सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ ।

विभिन्न देशमा रहेका नेपाली कामदारहरुले कोरोना भाइरस (कोभिड १९) को कारण रोजगारी गुमाउने तथा ज्यान जोखिममा पर्ने अवस्था आइरहेको भन्दै उद्धारका लागि हार गुहार गरिरहेको अवस्थामा सर्वोच्च अदालतले बिहीबार नेपाल सरकारका नाममा उक्त आदेश जारी गरेको हो ।

आप्रवासी कामदारका अधिकार पक्षमा काम गर्दै आएको मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) मा आवद्ध कानून व्यवसायीहरु अधिवक्ता सोम लुईटेल, नरेन्द्र प्रकाश खनाल र सुदिप देबकोटालगायतका कानून व्यवसायीहरुले बुधबार दायर गरेको रीटमा बिहीबार न्यायाधीश सपना मल्ल प्रधानको इजलासमा सुनुवाई भएपछि ईजलासले उक्त आदेश दिएको हो ।

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिटमा भविष्यमा कोरोनाका कारण रोजगार गुमाउन सक्ने नेपाली कामदारहरुलाई सोही मुलुकका अन्य कम्पनीमा रोजगारी दिलाउन कुटनीतिक नियोगहरु र श्रम सम्झौता अन्तर्गतका संयन्त्रहरु परिचालन गर्ने व्यवस्थाका लागि आदेश माग गरिएको थियो ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'सरकारले विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड बमोजिम नेपाली नागरिकले उपचार पाए नपाएको विषयमा परराष्ट्र मन्त्रालय मार्फत कुटनैतिक सञ्चार गरी श्रम सहचारीहरु मार्फत जानकारी लिई उनीहरुको अव्यवस्थित प्रवेशबाट हुने थप जोखिमबाट बहुसख्यक जनताको जीवन एवं स्वास्थ्य र सुरक्षाको हितलाई समेत सन्तुलित तरीकाले संरक्षण गर्दै सुक्ष्म, गम्भीर एवं संवेदनशिल तरिकाले विना भेदभाव, विना स्वेच्छाचारी, विवेकपूर्ण तरीकाले नियमन र नियन्त्रणको शर्त बन्देज सहित फिर्ता ल्याउने/उद्धारको लागि आवश्यक प्रशासनिक, आर्थिक र व्यवस्थापकीय पहल गर्न सर्वोच्च अदालत नियमावलि २०४९ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ ।'

नेपाल सरकारले विदेशबाट आउने नेपाली बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कल्याणकारी कोष परिचालन गर्ने बेला : न्यौपाने



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सल्लाहकार तथा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनका पूर्व अध्यक्ष प्रज्ञान न्यौपानेले वैदेशिक रोजगार कल्याणकारी कोषको रकमको सदुपयोग गर्ने बेला आएको बताएका छन् ।

हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसको महामारीले विश्वकै अर्थतन्त्रमा गम्भीर नकारात्मक असर पारिरहेको भन्दै व्यवसायी न्यौपानेले यस्तो अवस्थामा अर्थतन्त्र भन्दा जनताका न्यूनतम आवश्यकता धान्न मात्रै सकियो भने पनि त्यो ठुलो उपलब्धि हुने बताएका छन् ।

अर्थतन्त्रलाई बचाउन गहन छलफल हुनु अति आवश्यक रहेको भन्दै न्यौपानेले वैदेशिक रोजगार धराशायी भए ११ बाँकी पृष्ठ २ मा

## मलेसियामा सशर्त काम गर्न दिइने

**काठमाडौं/मस-** मलेसियाले कार्यस्थल र आवासबीच स्वास्थ्य सुरक्षाको पर्याप्त व्यवस्था गरेर काम शुरु गर्न अनुमति दिने निर्णय गरेको छ । मलेसियामा आवागमन प्रतिवन्धको तेश्रो चरण जारी रहेको छ । तर त्यहाँको अन्तर्राष्ट्रिय व्यापार तथा उद्योग मन्त्रालयले तय गरेका प्रावधानको अनिवार्य रुपमा पालना गर्ने शर्तमा निर्माण सहित केही व्यापारिक क्षेत्रलाई खुकुलो पारिएको मलेसियाको अनलाइन दि स्टारले उल्लेख गरेको छ ।

मलेसियाको अन्तर्राष्ट्रिय व्यापार तथा उद्योग मन्त्री सेरी अजमिनले कम्पनीहरुले कफ, घाँटीको दुखाई तथा स्वास प्रश्वास समस्या जाँच गर्न अनिवार्य रुपमा थर्मल स्क्यानर राख्नुपर्ने बताएका छन् । त्यस्तै काममा लगाउने बाँकी पृष्ठ २ मा

**COVID-19 NOVEL CORONA VIRUS (nCOV)**
**जनहितका लागि जारी जनचेतनामूलक सन्देश**

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

**कसरी आफू बच्ने र अरुलाई बचाउने ?**

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
**कार्यालय**
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# एसईई सञ्चालनको विकल्पबारे छलफल




**काठमाडौं/मस-** कोरोना भाइरसको जोखिमका कारण स्थगित माध्यमिक शिक्षा परीक्षा (एसइई) लाई स्थिति सहज भएपछि कसरी सञ्चालन गर्ने भन्ने बारेमा सङ्घीय र प्रदेश सरकारका सम्बन्धित मन्त्रीबीच आज छलफल भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलको पहलमा बिहीबार सातै प्रदेशका सामाजिक विकास मन्त्रीसँग भएको भिडियो कन्फरेन्स्मा कक्षा ११ को नियमित भर्ना साउन-भदौ महिनामा हुँदै आएमा तत्काल एसइई परीक्षा नहुँदा आत्तिनुपर्ने स्थिति नभएको तर यसलाई कसरी व्यवस्थित सञ्चालन गर्ने भन्ने विकल्पमा तयारी गर्नुपर्ने सुझावहरु प्राप्त भएको छ।

मन्त्रालयका प्रवक्ता दीपक शर्माका अनुसार उक्त अनौपचारिक छलफलमा लकडाउन खुलेको केही हप्तापछि मात्रै परीक्षा सञ्चालन गर्न वा केही अनिवार्य विषयमा परीक्षा लिएर बाँकी ऐच्छिक विषयलाई विद्यालयले गर्ने आन्तरिक मूल्याङ्कनको औषत आधारमा जोडेर ग्रेड निर्धारण गराउन वा सबै विषयलाई विद्यालयले सञ्चालन गरेको पूर्व बोर्ड परीक्षा वा आन्तरिक मूल्याङ्कनलाई आधारमा मानेर ग्रेड दिन सकिने सुझावहरु दिइएको छ।

कतिपय प्रदेशका मन्त्रीले सम्बन्धित विद्यालयमै प्रश्नपत्र पठाएर वा पूर्व निर्धारित परीक्षा केन्द्रलाई पुनः वितरण गरी डेरामा बस्न जान नपर्ने गरी नजिकमा केन्द्र राखेर परीक्षा सञ्चालन गर्न सकिने सुझाव दिएका थिए। सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्रीले भने हाल आफ्नो प्रदेशमा कोरोना भाइरसको जोखिम बढिरहेकाले परीक्षाबारे तत्काल सोच्न नसकिने जनाएका थिए।

छलफलमा सहभागी राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा डा चन्द्रमणि पौडेलले मन्त्रीहरुका सुझाव र आगामी दिनको वस्तुस्थिति हेरेर सरकारसँग समन्वय गरी बोर्डले परीक्षाबारे उचित निर्णय गर्ने राससलाई बताए। उनले भने, अहिले कुनै निर्णय भएको छैन। विभिन्न विकल्प आएका छन्। हामी ती सबैको अध्ययन गर्नेछौं। परीक्षा सञ्चालनका विकल्पबारे विभिन्न विज्ञ र सरोकार भएकाहरुबाट सुझावहरु आइरहेको छ।

गत चैत ६ गतेदेखि १७ गते सम्म हुने गरी सञ्चालनका लागि सबै तयारी पूरा भएपनि भाइरसको जोखिमका कारण उच्चस्तरीय समन्वय समितिको बैठकले चैत ५ गते साँझ निर्णय गरी परीक्षा स्थगन गराएको थियो। सो परीक्षाका लागि चार लाख ८२ हजार २१९ विद्यार्थीले आवेदन दिएका थिए भने एक हजार नौ सय ९५ परीक्षा केन्द्र निर्धारण गरिएको थियो। बोर्डले गत चैत ८ गतेदेखि हुने कक्षा १२ र चैत २५ गतेदेखि हुने भनिएको कक्षा ११ को परीक्षा पनि लकडाउनका कारण स्थगन गरेको थियो। विश्वविद्यालयहरुका परीक्षा पनि स्थगन गरिएका छन्।

मन्त्री पोखरेल र प्रदेशमन्त्रीहरुबीच नयाँ शैक्षिक शुरु भएपनि विद्यालय खुल्न सक्ने स्थिति नभएकाले अनलाइन प्रविधिको वैकल्पिक माध्यमबाट कसरी शिक्षण गर्न सकिन्छ भन्नेबारेमा पनि छलफल भएको थियो। प्रदेशगत शैक्षिक र सामाजिक समस्याका बारेमा पनि उनीहरुबीच विचार विमर्श भएको थियो। उनीहरुबीच आगामी आर्थिक वर्षको शिक्षाको नीति तथा कार्यक्रबारे पनि छलफल भएको थियो।

मन्त्रालयले वैकल्पिक विधिको भर्जुअल शिक्षा सञ्चालनका लागि सुभाव दिन काठमाडौं विश्वविद्यालयका उपकुलपतिको संयोजकत्वमा कार्यदल गठन गरेको छ।

## चिकित्सक कुटपिट प्रकरण
# लम्साललाई जिम्मेवारीबाट हटाइयो

**काठमाडौं/मस-** महाराजगञ्ज प्रहरी बृत्तका डिएसपी उमेश लम्साललाई छानविनका लागि भन्दै इञ्चार्जको जिम्मेवारीबाट हटाइएको छ। लकडाउन उल्लंघन गरेको भन्दै प्रहरीले चिकित्सकलाई कुटपिटको घटनामा छानबिनका लागि लम्साललाई रानीपोखरी बोलाइएको रानीपोखरीका डीआईजी विश्वराज पोखरेलले बताए।




बुधबार साँझ ड्युटी सकेर घर फर्कँदै गर्दा महानगरीय प्रहरी वृत्त महाराजगञ्जका प्रहरीले शिक्षण अस्पतालका डाक्टर शम्भु खनाल, तेजप्रकाश साह र कान्तिका डाक्टर विकास साहमाथि कुटपिट गरेका थिए।

नेपाल चिकित्सक संघले पनि आज एक विज्ञप्ति प्रकाशित गर्दै लाठीचार्ज र कुटपिटको घटना छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेको छ। कारबाही नगरे देशभरको स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पर्ने चेतावनी संघले दिएको छ।

केही दिनअघि सरकारले कोरोना संक्रमणको उपचारमा सग्लन चिकित्सक, नर्स र प्राविधिक स्वास्थ्यकर्मीहरुको सुरक्षाको प्रबन्ध गृह मन्त्रालयले मिलाउने भनेपनि त्यस विपरित कुटपिटको घटना भएको भन्दै आपत्ति समेत जनाएको छ।

# कोभिड १९ : १५ हजार आठ सयको परीक्षण

**काठमाडौं/मस-** कोभिड-१९ को रियल टाइम पोलिमरेज चेञ्ज रियाक्सन (पिसिआर) र र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडिटी) गरी दुवै विधिबाट हालसम्म १५ हजार ८०० परीक्षण सम्पन गरिएको छ।




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले पिसिआर प्रविधिबाट हालसम्म छ हजार ८७१ र आरडिटी प्रविधिबाट आठ हजार ९२९ वटा टेस्ट भएको बताए। त्यस्तै गत २४ घण्टाभित्र कूल दुई हजार ८९४ परीक्षण भएका छन्। उनका अनुसार ती परीक्षण गरिएकामध्ये अहिलेसम्म १६ जनामा मात्र कोभिड-१९ को सङ्क्रमण देखिएको छ। जसमा एक जना निको भएर घर फर्किसकेका छन्।

आरडिटी टेस्ट सञ्चालन गर्न अब १४ जिल्ला मात्र बाँकी रहेका छन्। जसमा प्रदेश नं १ मा सात, प्रदेश नं २ मा तीन, गण्डकी प्रदेशमा एक, प्रदेश नं ५ मा एक र कर्णाली प्रदेशमा दुई जिल्ला बाँकी छन्। मन्त्रलायका अनुसार वाग्मती र सुदूरपश्चिम प्रदेशका सबै जिल्लामा आरडिटी टेस्ट शुरु भइसकेको छ।

त्यसैगरी परीक्षणसँगै क्वारेन्टाइनमा बस्नेको सङ्ख्या घट्दै गएको प्रवक्ता देवकोटाको भनाइ छ। उनका अनुसार हाल क्वारेन्टाइनमा बस्नेको सङ्ख्या पाँच हजार ६१४ रहेको छ। अहिलेसम्म आइसोलेशनमा ११७ रहेका छन्। तीमध्ये काठमाडौं उपत्यकामा ११ जना छन् भने उपत्यका बाहिर १०६ जना रहेका छन्।

पत्रकार सम्मेलनमा इपिडिमोलोजी रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले उपत्यकामा पनि स्थानीय तहसँगको समन्वयमा विदेशबाट आएका व्यक्तिको परीक्षण भइरहेको बताए।

# बेलाटारीमा दर्जन बढी सवारीसाधन नियन्त्रणमा



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ४ बैशाख

नवलपरासीको बेलाटारी क्षेत्रमा लकडाउनको अवज्ञा गर्ने दुई दर्जनभन्दा बढि हसवारी साधन ईलाका प्रहरी कार्यालय बेलाटारीले नियन्त्रणमा लिएको छ। लकडाउन शुरु भएको दिनदेखि हालसम्म उल्लङ्घन गर्ने १४ वटा मोटरसाईकल नियन्त्रणमा लिइएको ईलाका प्रहरी कार्यालय बेलाटारीका प्रहरी निरिक्षक खुमानन्द पाण्डे जानकारी दिए।

चैत ११ गतेबाट शुरु भएको लकडाउनमा अटेर गर्दै केही सवारी साधन प्रयोग भइरहेको अवस्थामा प्रहरीले सक्रियता देखाएको हो। त्यस्तै ९ वटा सवारी साधनहरुलाई लकडाउनको अवज्ञा नगर्ने सर्तमा सवारी धनीलाई बुझाइएको छ।

यसै गरि यस अवधिमा लकडाउनको अवज्ञा,तस्करीलगायत विभिन्न आरोपमा करिब ३३ जनालाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडि बढाएको छ। त्यस्तै नेपाल प्रहरी र सशस्त्र प्रहरीहरुलाई सुरक्षा व्यवस्थामा खलल् पुऱ्याएको अभियोगमा ३ जना र लागु औषधमा ४ जनाबिरुद्ध मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भैरहेको पनि प्रहरी निरीक्षक पाण्डेले जानकारी दिए।

# 'पाँच किलो चामलले कति दिन खानू सरकार ?'

**झापा/रासस-** झापाको भद्रपुर नगरपालिका-५ स्थित नयाँबस्तीका विपन्न परिवारलाई अहिले बिहानबेलुकाको छाक टार्न धौधौ पर्न थालेको छ। कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि बन्दाबन्दी घोषणा गरेपछि कामविहीन भएसँगै उनीहरुको दैनिकी अहिले कष्टकर बन्दै गएको हो। यहाँ करीब ३५ परिवारको बसोबास छ। उनीहरु सबैको आम्दानीको स्रोत ज्याला-मजदुरी हो।

'लकडाउन भएको केही दिन त घरमा भएको पैसाले खाइयो', उनीहरु भन्छन्, 'बाहिर निस्किन मिल्दैन, काम नभएपछि के गरी खानू, दिनरात चिन्ता यही कुराको छ।' अन्य गाउँपालिका र नगरपालिकाको तुलनामा नयाँबस्तीबासीले थोरै राहत सामग्री पाएका छन्। लकडाउन घोषणा भएको २४ दिन वित्दा पनि उनीहरुले पाँच केजी चामल, एकएक केजी दाल र नून, आधा लिटर तेल र एउटा साबुन मात्र पाएका हुन्।

'चार/सात जनाको परिवारलाई पाँच केजी चामलले के हुन्छ ?', स्थानीयवासी पूर्णिमा शर्मा भन्छिन्, 'राहत त पाइयो तर... ।' यहाँका बासिन्दाले भने लकडाउनको पूर्णपालना गरिरहेको उनी बताउँछिन्। जरुरी कामबाहेक कोही घरबाट ननिस्कने गरेको र काम पर्दा मात्र जाने गरेको उनले बताइन्। भद्रपुर ५ नम्बर वडाध्यक्ष बन्धु कार्कीले पहिलो चरणमा राहत वितरणका लागि वडामा एक हजार १२० विपन्न परिवारको नाम संकलन गरिएको बताए। 'त्यसमा अलिक पछि राहत दिँदा हुने छनोट गरेर ८३० जनाको नामावली तयार गऱ्यौँ', वडाध्यक्ष कार्कीले भने, 'नगरपालिकाले जम्मा २०० जनाका लागि मात्र राहत पठायो।' पहिलो चरणमा नगरपालिकाले १० केजी चामल, एकएक केजी दाल र नून, एक लिटर तेल र एउटा साबुन दिने निर्णय गरेर राहत पठाएको उनी बताउँछन्। '८३० जनाको नाम छ, आयो २०० जनाका लागि', उनले भने, 'उक्त परिमाणलाई आधा बनाएर चार सय जनालाई वितरण गऱ्यौँ।'

जनप्रतिनिधि र स्थानीय संघसंस्थाको सहयोगमा हालसम्म ७९९ परिवारलाई राहत वितरण गरिएको उनको भनाइ छ। स्थानीय बलभद्र युवा क्लबको सहयोगमा थप ६० परिवारलाई भर्खरै राहत दिइएको वडाध्यक्ष कार्कीको भनाइ छ।

# मन्त्री अर्यालद्वारा आयोगका पदाधिकारीलाई निर्देशन

**काठमाडौं/मस-** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले नवनियुक्त भूमिसम्बन्धी समस्या समाधान आयोगका पदाधिकारीलाई आधारभूत वर्गको हितमा काम गर्न निर्देशन दिएकी छन्।



मन्त्रालयमा बिहीबार आयोजित आयोगका पदाधिकारीको परिचयात्मक कार्यक्रममा उनले आयोग गठनको उद्देश्यअनुरुप लामो समयदेखि भूमिबाट बञ्चित रहेका उत्पीडित वर्गका पक्षमा काम गर्न निर्देशन दिएकी हुन्।

मन्त्री अर्यालले विगत सात दशकदेखि निम्न आधारभूत वर्ग समस्यामा रहेकाले ती वर्गलाई सामाजिक न्याय दिने कुरा पहिलो प्राथमिकता हुनुपर्ने बताएकी थिइन्। साथै उनले तीन वर्षको आयोगको कार्यावधिमा प्रत्येक वर्ष केके काम, कसरी गर्ने भनेर योजना बनाएर आयोगका कार्य अगाडि बढाउनसमेत निर्देशन दिइन्। सरकारले महत्वपूर्ण अभिभारा सुम्पेको भन्दै मन्त्री अर्यालले विगतमा स्पष्ट कानूनको अभावमा तत्कालीन आयोगले अपेक्षाकृत काम गर्न नसकेको उल्लेख गर्दै अहिले आवश्यक कानून बनाएर यो काम अगाडि बढाइएको स्पष्ट पारिन्।

सो अवसरमा भूमिसम्बन्धी समस्या समाधान आयोगका नवनियुक्त अध्यक्ष देवी ज्ञवालीले मन्त्रालयले महत्वपूर्ण अभिभारा प्रदान गरेकामा सरकारलाई धन्यवाद दिँदै सरकारको राष्ट्रिय सङ्कल्पअनुसार आधारभूत वर्गको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। मन्त्रालयका सचिव केदार न्यौपानेले वर्षौंदेखि रहँदै आएको भूमिहीन, सुकुम्बासीको समस्या समाधान गर्न आयोग र मन्त्रालयले एक भएर काम गर्ने बताए।

सरकारले ज्ञवालीको अध्यक्षतामा गठन गरेको आयोगको सदस्यमा सदस्यमा भीमबहादुर कार्की, जगत देउजा, मञ्जली शाक्य र दिनेशचन्द्र यादव छन्। भूमिसम्बन्धी ऐन (आठौं संशोधन) २०७६ अन्तर्गत भूमिसम्बन्धी समस्या समाधानका लागि 'भूमिसम्बन्धी समस्या समाधान आयोग-२०७६' गठन गरिएको मन्त्रालयले जनाएको छ। आयोगको कार्यकाल तीन वर्षको हुने व्यवस्था छ।

## लकडाउन...

भइसकेका छन्। परीक्षण गरिएको ३१५ जनाको रिपोर्ट आउन भने बाँकी छ। तर, सोमबार राजधानी उपत्यकास्थित सनसिटी अपार्टमेन्ट बस्ने एक परिवारमा कोरोनाको संक्रमण देखिए सँगै सरकारले लकडाउन थप कडाइ गर्ने निर्णय गरेको छ। राजधानीमा बिहान सात बजेसम्म मात्रै अत्यावश्यक सामग्री खरीदका लागि समय दिएको छ।

## एसियामा...

महामारीबाट विश्वभर एक लाख ३५ हजार बढीको मृत्यु भएको छन् संक्रमित संख्या २१ लाख पुगेको छ।

अर्थात्, विश्वमा संक्रमणबाट निको हुने ७९ प्रतिशत मात्रै छ। विश्वभर २१ लाख संक्रमित भएकोमा पाँच लाख २३ हजार बिरामी मात्रै निको भएका छन् भने १४ लाख बिरामी उपचारत छन्। तर, एसियाली मुलुकहरुमा भने आधा भन्दा बढी बिरामी निको भएका छन्। बिहीबार साँझसम्म एक लाख ६३ हजार बिरामी निको भएका छन् भने एक लाख ६१ हजार बिरामी उपचारत छन्।

बिरामी निको बनाउने देशमा चीन अगाडि छ। ८२ हजारमा संक्रमण देखिएको चीनमा ७७ हजार बिरामी निको भइसके। चीनमा तीन हजार तीन सयको मृत्यु भयो। बढी मृत्यु भने इरान अगाडि छ। ७६ हजारमा संक्रमण देखिएकोमा चार हजारको मृत्यु भएको छ। इरानमा पनि बिरामी निको हुने संख्या उच्च छ। इरानमा ४९ हजार बिरामी निको भइसकेका छन् भने २१ हजारको उपचार भइरहेको छ। धेरै बिरामी भने टर्कीमा ६९ हजार संक्रमित मध्ये ६२ हजार बिरामी उपचारत छन्। त्यहाँ १५ सयको मृत्यु भएको छ।

## बिचल्लीमा...

लामो पैदलयात्रा तय गरी दुःख हैरानीका साथ आफ्नो गन्तव्यतर्फ असुरक्षितरुपमा हिँडिरहेका पाइएको छ" आयोगको विज्ञप्तिमा भनिएको छ, "काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, धादिङ, कपिलवस्तु, बाँके, बर्दिया, कैलालीलगायत कतिपय जिल्लामा सीमा नाकामा कडाइ भई दैनिक हजारौं नागरिक विचल्लीमा परेको पाइएको छ।" अनुगमनका क्रममा काठमाडौं उपत्यकालगायत देशका विभिन्न शहरी क्षेत्रमा रोजगारीका लागि आएका असङ्गठितरुपमा दैनिक ज्यालादारीमा काम गर्ने मजदूर, स्वास्थ्य उपचारका लागि हिँडेका बिरामी, घर बहालमा बस्ने सीमान्तकृत वर्गका समुदाय थातथलो फर्कने क्रममा बाटोमा अलपत्र परेको अनुगमनबाट देखिएको हो।

खाद्य अधिकार व्यक्तिको आधारभूत मानव अधिकारका साथै जीवनको अधिकारसँग समेत अन्योन्याश्रित हुने भएकाले नेपालको संविधानले व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान, संरक्षण र सुरक्षा गर्न आयोग तीनै तहका सरकारसँग आग्रह गरेको छ। कोरोना भाइरसका कारण उत्पन्न वर्तमान परिस्थिति र सङ्कटको अवस्थामा सरकारद्वारा घोषित लकडाउनको पूर्ण पालना गर्न/गराउन तथा आफ्नो अधिकारको प्रयोग गर्दा प्रत्येकले आफ्नो कर्तव्य र दायित्वसमेतको पालना गर्न आयोगले सबै पक्षलाई आग्रह गरेको छ।

सरकारबाट लकडाउनको अवस्थामा आफू जहाँ बसेको हो त्यही बस्ने भने पनि आवश्यक खाद्य सामग्रीसहितको राहत उपलब्ध हुन नसक्दा मानिसले जोखिमपूर्ण यात्रा गर्नुपरेको देखिएको छ। व्यवस्थित राहत वितरणमा सङ्घ, प्रदेश र स्थानीय तहमा पर्याप्त समन्वयको अभाव देखिन आएको छ। आफ्नो इलाकामा अस्थायीरुपमा बसोवास गर्ने प्रत्येक व्यक्ति र परिवारकोसमेत लगत सङ्कलन गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकताअनुरुप राहत उपलब्ध गराउन आग्रह गरिएको छ।

आयोगले विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ का कारण अनुगमन गर्न आयोगसहित नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घबीच सहकार्य भई केन्द्रीय तथा प्रदेश समिति गठन भई अनुगमन कार्य शुरु गरेको छ।

## कामदारको ...

नागरिक तथा यात्रुका कारण कोरोना भाइरसको संक्रमण बढ्ने भन्दै आगामी बैशाख १८ गतेसम्म अन्तर्राष्ट्रिय उडानमा प्रतिवन्ध लगाएको कारण चार्टर्ड गरिएका बाहेक अन्य उडान बन्द रहेका छन्। मन्त्रिपरिषद्को हालैका बैठकले अफगानिस्तानको ग्रीनजोनमा अलपत्र नेपालीलाई भने नेपाल आउन अनुमति दिने निर्णग गरेको छ। तर खाडीका विभिन्न देशमा रहेका कामदारहरु नेपाल आउन पाएका छैनन्। उनीहरुले सामाजिक सञ्जालहरु मार्फत भिडिओ अपलोड गर्दै तत्काल आफुहरुको उद्धार गर्न माग गरिरहेका छन्।

कतारका केही रोजगारदाताले आफैले जहाज चार्टर्ड गरी नेपाली कामदार तत्कालका लागि स्वदेश फर्काइदिने र पछि परिस्थिति सहज भएपछि उनीहरुलाई रोजगारीका लागि पुनः बोलाउने प्रश्ताव समेत गरिरहेका छन्। तर सरकारले त्यस विषयमा कुनै निर्णय गरेको छैन।

यी विषयहरुलाई संबोधन हुने गरी सर्वोच्च अदालतले अन्तरिम आदेशमा भनेको छ, 'आफ्ना नागरिक आफ्नो देशमा विना भेदभाव फर्किन पाउने, उच्चस्तरको मानसिक शारिरिक, स्वास्थ्य संरक्षणको अधिकार व्यक्तिको मानव अधिकार हो। नेपालको संविधानको धारा १६ ले सम्मानपूर्ण तरीकाले बाँच्न पाउने हकको साथै संविधानको धारा १८ ले नागरिक बीच भेदभावको अन्त्य गरेको छ। कोभिडको वर्तमान संक्रमणले विश्वको अर्थतन्त्र र रोजगारीमा पनि असर परेको अवस्थामा नेपाली कामदारले रोजगारी गुमाउने विषयमा नेपाल सरकारले अनदेखा गर्न सक्दैन। संक्रमण भएमा उपचारमा समेत सहज पहुँच नरहेको अवस्थामा सरकार टुलुटुलु हेरेर बस्न सक्दैन।'

सर्वोच्च अदालतले वैदेशिक रोजगारीका क्रममा महामारी वा विपत्तिमा परेका नेपाली कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषको रकम परिचालन गर्न स्पष्ट कानूनी व्यवस्था समेत रहेको स्मरण गराएको छ।

आदेशमा भनिएको छ, 'वैदशिक रोजगार ऐन २०६४को दफा ७५ ले नेपाली कामदार रहेको मुलुकमा युद्ध वा माहामारी, प्राकृतिक विपत्ति आएमा उद्धार गरी कामदार फिर्ता गरी परिवारलाई आर्थिक सहायताको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गर्ने व्यवस्था गरिएको छ।'

## कल्याणकारी...

लाखसम्म नेपाली घर फर्किने अवस्थामा रहेको बताए। उनले सो परिस्थितिमा उनीहरुलाई व्यवस्थापन गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको रकम परिचालन गर्नु उपयुक्त हुने बताए।

वैदेशिक रोजगारीमा जाने कामदारबाट उठाएको रकम उनीहरुकै हितमा खर्च गर्न राज्यले कुनै कन्ज्युस्याई गर्न नहुने भन्दै सल्लाहकार न्यौपानेले विपत्तिमा परेका नेपालीलाई नेपाली नियोगहरु र गैरआवासीय नेपालीहरुले खान र बस्नको लागी तत्काल कदम चाल्न समेत ध्यानाकर्षण गराएका छन्।

## मलेसियामा...

कामदारको विगत तीन महिनाको स्वास्थ्य अवस्थाको प्रतिवेदनका साथै दैनिक स्वास्थ्य प्रतिवेदन पनि राख्नुपर्ने प्रावधान राखिएको छ। मन्त्री अजमिनले भने, 'कोभिड १९ अन्तर्गत कामदारहरुको स्वास्थ्य परीक्षण गरिएको सम्बन्धमा मानव संसाधन मन्त्रालयसँग पनि सहकार्य गरिने छ।'

तय गरिएका प्रावधान अनुसार हालको अवस्थामा काम गराउने रोजगारदाता कम्पनीहरुले कामदारलाई काममा लगाउँदा यातायातको सुविधा दिनुपर्ने छ, उनीहरुबीच सामाजिक दुरी कायम राख्नुपर्ने छ भने सवारीसाधन प्रयोग गर्नु अघि र पछि अनिवार्य रुपमा स्यानिटाईजेशन गर्नुपर्ने छ। मलेसियामा आवागमन प्रतिवन्ध अवधिमा कार्यालय खोल्न माग गर्दै १२ हजार ३ सय निवेदन दर्ता भएको बताइएको छ।

# 'लकडाउनमा किसानलाई प्रोत्साहन आवश्यक'

**हेटौंडा/रासस-** वागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले लकडाउन अवधिमा किसानलाई प्रोत्साहन गर्न आवश्यक भएको बताएका छन्। भिडियो कन्फेरेन्समार्फत प्रदेशका विभिन्न स्थानीय तहका प्रमुखहरुसँग छलफल गर्दै उनले कोरोनाविरुद्ध सामाजिक र व्यक्तिगत दुरी कायम गर्दै उत्पादनमा लाग्नुपर्ने बताए। पौडेलले माहामारी नियन्त्रणका लागि सरकारले आह्वान गरेको लकडाउनको पालना गराउन तथा लकडाउनका कारण सिर्जित समस्या निराकरण गर्न एवं भाइरस फैलिन नदिन पालिकाले खेलेको भूमिकाको प्रशंसा गरे।



मुख्यमन्त्री पौडेलले महामारी नियन्त्रणका लागि आवश्यक पूर्वाधार तयार पार्न निर्देशन दिँदै केन्द्र वा प्रदेश सरकारको छुट्टै बजेटको प्रतीक्षा नगर्न अनुरोध गरे। पालिकामा भएको बजेट खर्च गर्नुपर्ने उनको तर्क थियो। स्थानीय सरकारसँग भएको पैसा सरकारकै पैसा हो, त्यो खर्च गर्नुपर्छ, अहिले आवश्यकता जे हो त्यसमा खर्च गर्ने हो बाँकी काम बिस्तारै गर्दै जाने हो, उनले भने। मुख्यमन्त्री पौडेलले स्थानीय निकायको कोषमा भएको रकम खर्च गर्दा भने पारदर्शिता अपनाउन सुझाव दिए।

पौडेलले लकडाउनका कारण अप्ठ्यारोमा परेका परिवारलाई राहत वितरण गर्ने काममा अनावश्यक प्रतिस्पर्धा देखिएको भन्दै त्यसले विकृति निम्त्याउन सक्नेतर्फ सचेत हुन अनुरोध गरे। उनले भने, राहत अतिआवश्यक भएकाका लागि मात्र हुनुपर्नेमा लकडाउन शुरु भएदेखि नै बाँड्न थाल्नु र त्यसमा समेत अनावश्यक प्रतिस्पर्धा देखिनु राम्रो संकेत होइन। कोरोनाको माहामारी फैलन नदिन लकडाउन बाहेक कुनैपनि विकल्प नभएकोले माहामारी अवस्था आउन नदिन निर्मम भएर लकडाउनको कार्यान्वयन गरिनुपर्ने उनको भनाइ थियो।

मुख्यमन्त्री पौडेलले बिहीबार चितवनको भरतपुर महानगरपालिकाका र माडी नगरपालिका प्रमुख, सिन्धुलीको मरिण र सुनकोशी गाउँपालिका, कमलामाई नगरपालिका, रसुवाको गोसाईकुण्ड गाउँपालिका तथा सिन्धुपाल्चोकको बारबिसे नगरपालिकाका प्रमुखसँग भिडियो कन्फरेन्समार्फत छलफल गरेका हुन्।

# पुरस्कार रकम परिवारका लागि खर्च गर्छौं : खेलाडी



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ४ वैशाख

गत मंसिर १५ देखि २४ सम्म काठमाडौं, पोखरा र जनकपुरमा १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता आयोजना भएको थियो । सागमा नेपालले ऐतिहासिक सफलता हासिल गरेको थियो । ५१ स्वर्ण, ६० रजत र ९६ कास्य गरि २०७ पदक सहित नेपाल पदक तालिकामा दोस्रो स्थानमा रहेको थियो । प्रतियोगिताका हिसाबले ऐतिहासिक रहेको सागका विजेताहरुलाई भोलिपल्टै प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारमा बोलाएर खेलाडीहरुलाई सरकारले नगद पुरस्कार प्रदान गर्ने घोषणा गरेका थिए । सोही पुरस्कार रकम पाउन भने खेलाडीले केही समय कुर्नु परेको थियो । तर अहिले खेलाडीहरुले त्यतिबेला घोषणा गरिएको पुरस्कार रकम पाएका हुन् । प्रधानमन्त्रीले घोषणा गरे पनि नीतिगत निर्णयहरु नभएकाले सबै प्रक्रिया पुरा गर्न समय लागेको खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले जानकारी दिए । यसअघि विशेष कार्यक्रमका बीच खेलाडीहरुलाई पुरस्कारबापतको चेक हस्तान्तरण गर्ने र रकम भने सबैको बैंक खातामा पठाउने भनिएको थियो । कोरोना भाइरसको त्रासकाबीच लकडाउन नै शुरु भए पछि विशेष कार्यक्रम त तय हुन सकेन । खेलाडीहरुको रकम भने बैंक खातामा पठाइएको मन्त्री विश्वकर्माले बताए ।

जसमा ४ सय ३५ पदक विजेता खेलाडीका लागि १७ करोड ५३ लाख रुपैयाँ पठाइएको छ । त्यस मध्ये ९२ पदक विजेताको ३ करोड ६३ लाख तथा ८७ खेलाडीको ४ करोड ८२ लाख रुपैयाँ गत चैत मसान्तमै खेलाडीको खातामा पठाइएको थियो भने अरु खेलाडीको पुरस्कार रकम बुधबार पठाइएको हो । प्रशिक्षक र संघको पुरस्कार भने अबको केही समयमा क्रमैसंग पठाइने छ ।

व्यक्तिगत स्पर्धामा स्वर्ण जित्नेलाई ९ लाख, रजतलाई ६ लाख र कांस्यलाई ३ लाख तथा टिममा स्वर्णलाई ६ लाख, रजतलाई ४ लाख र कांस्यलाई २ लाखका दरले पुरस्कार पठाइएको छ । पुरस्कार रकममा कर पनि कट्टा गरिएको छैन ।

खेलाडीहरुले पुरस्कार रकम पाएकोमा खुसी व्यक्त गरेका छन् । एथ्लेटिक्स खेलाडी गोपीचन्द्र पार्कीले पुरस्कार रकम बैंक खातामा आएको बताउँदै यसबाट आफू उत्साहित भएको बताए । पुरस्कार रकम शुरुमै नपाउँदा केही खल्लो महशुस भए पनि अहिले पाउँदा खुसी नै भएको बताए । उनले भने सरकारले दिएको पुरस्कार रकम खेलकुदमै आफूलाई आवश्यक पर्ने सामाग्रीमा खर्च हुने पनि बताए । उनले भने 'खेलकुदका लागि आवश्यक पर्ने डाइट, कपडा, जुत्ता लगाएतका कुराहरमा खर्च हुन्छ । बचेको रकम घर परिवारका लागि खर्च गर्छु ।'

उता, म्याराथनमा ऐतिहासिक स्वर्ण पदक दिलाएका किरण बोगटीले भने पुरस्कार बापतको रकम घर खर्चमा प्रयोग हुने बताए । आफूसँग चार जनाको परिवार आश्रित रहेको बताउँदै अहिले पाएको पुरस्कार रकमै सल्लाह गरेर खर्च गर्ने बताए । नेपाली महिला भलिबल टिमकी कप्तान अरुणा शाहीले पनि पुरस्कार रकम प्राप्त भएकोमा खुसी व्यक्त गरेकी छिन् । सामाजिक सञ्जाल फेसबुक मार्फत उनले अहिलेको प्रतिकुल परिस्थितिकाबीच प्राप्त भएको पुरस्कार रकम प्रदान गरेकोमा धन्यवाद दिएकी छिन् । साथै उनले पुरस्कार रकम केमा खर्च गर्ने भन्ने त्यस्तो कुनै योजना नबनाएको बताइन् ।

# ट्रम्पले नयाँ योजना सार्वजनिक गर्ने



**वासिङ्टन डिसी, एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वकै सर्वाधिक ठूलो अमेरिकी अर्थतन्त्रलाई खुला गर्ने बारेमा नयाँ योजना सार्वजनिक गर्ने बताएका छन् । उनले अमेरिकामा ठूलो संख्यामा कोरोना संक्रमितको मृत्यु भइरहे पनि कोरोना संक्रमण 'उच्चतम विन्दुमा' पुगिसकेको दाबी गरे ।

गत वर्षको अन्त्यतिर चीनमा देखिएको कोरोनाभाइरसको महामारीले विश्वलाई नै उल्टो दिशातर्फ मोडेको छ भने आधा मानवतालाई घरभित्रै रहन बाध्य पार्नुका साथै विश्व अर्थतन्त्रलाई दोस्रो ठूलो संकटतर्फ अग्रसर बनाएको छ ।

एएफपीको तथ्याङ्क अनुसार २० लाखभन्दा बढी मानिस कोरोना संक्रमित भएका छन् भने एक लाख ३३ हजारभन्दा बढीको ज्यान गइसकेको छ ।

तर राष्ट्रपति ट्रम्पले ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा भाइरस नियन्त्रणमा चालिएका 'आक्रामक रणनीति' ले काम गरिरहेको दाबी गरे । उनले भने, 'तथ्याँक हेर्दा नयाँ घटनामा कमी आउन थालेको छ, र उच्चतम विन्दु पार गरेको छ ।'

देशका खुला गर्न खोजिएका क्षेत्रहरुमा पनि कोरोना प्रसार रोक्न स्पष्ट 'निर्देशिका' जारी गर्ने पनि ट्रम्पको भनाई छ । कम प्रभावित राज्यमा आगामी मे १ तारिखभन्दा अगाडि नै प्रतिबन्धहरुलाई खुकुलो बनाइने जानकारी दिए ।

विश्वका धेरै मुलुकका नेताहरू कोरोना संक्रमणको विनाशकारी दोस्रो लहरका जोखिमबाट बच्दै कसरी बिग्रिएको अर्थतन्त्रलाई सही मार्गमा ल्याउने भन्नेमा द्विविधामा रहेका छन् ।

युरोपमै ठूलो अर्थव्यवस्था रहेको जर्मनीकी चान्सलर एन्जेला मर्केलले व्यवसायहरु खोल्न र विद्यालयहरु पुनः शुरु गर्न केही 'सावधानीपूर्वक' कदमहरु घोषणा गरेकी छिन् ।

युरोपेली मुलुक डेनमार्कले प्राथमिक विद्यालयहरु खोल्न अनुमति दिएको छ भने फिनल्याण्डले हेलसिन्कीमा जारी लकडाउन हटाएको छ ।

लिथुआनियाले भने बिहीबारदेखि साना पसलहरू खोल्न अनुमति दिएको छ, जबकि अति प्रभावित इरानले केही साना व्यवसायहरूलाई पुनः सञ्चालन सुरु गर्न अनुमति दिएको छ ।

न्यूजील्याण्डले अर्को हप्तादेखि आफ्नो राष्ट्रव्यापी लकडाउन सहज गर्न थाल्नेछ । यद्यपि ब्रिटेनले आफ्नो लकडाउनलाई अरु बढाउने गरी नयाँ प्रस्ताव घोषणा गर्दैछ । बेल्जियमले मानिसलाई घरभित्रै बस्ने गरी जारी गरेको आदेशलाई आगामी मे ३ तारिखसम्म बढाएको छ ।

विकासोन्मुख मुलुकहरुमा खाद्य सामग्रीको अभाव हुने खतरा उत्पन्न हुँदैछ । खासगरी अफ्रिका र दक्षिण अमेरिकामा उत्पन्न खाद्य संकटले सामाजिक व्यवस्थामा गम्भीर असर पार्नेछ ।

रियादमा, विश्वका प्रमुख अर्थतन्त्र भएका २० वटा औद्योगिक राष्ट्रहरुको समूह (जी-२०) ले अति गरिब राष्ट्रहरूका लागि ऋण भुक्तानीको समयावधि एक वर्ष थप्न सहमति भएको छ ।

अमेरिकामा पनि यस महामारीले कम्तिमा १ करोड ७० लाख मानिसलाई आफ्नो रोजगारी गुमाउन बाध्य बनाएको छ ।

कोरोनाका कारण सिर्जित उदासिनताका बाबजुद पनि विश्वभर उदारताका कथाहरूले हौसला बढाउँछन् । बेलायतमा एक जना दोस्रो विश्वयुद्धमा लडेका ९९ वर्षीय टम मूरले बेलायती स्वास्थ्यकर्मीहरूका लागि करिब १ करोड ५० लाख डलर रकम संकलन गरेका छन् । ह्वीलचेयरको सहायतामा हिँड्नु पर्ने मूरले भने, 'दोस्रो विश्वयुद्धमा सिपाहीहरु अग्रमोर्चामा थिए, अहिले हाम्रा सेनाहरु डक्टर र नर्सहरु हुन् ।'

# आईपीएल अनिश्चित कालका लागि स्थगित




**मुम्बई, एजेन्सी–** कोरोना भाईरसको कारण भारतको चर्चित क्रिकेट लिग इण्डियन प्रिमियर लिग (आईपीएल) अनिश्चित कालका लागि स्थगित भएको छ । भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले बिहीवार औपचारिक रुपमा प्रतियोगिता अनिश्चित कालका लागि स्थगित गरिएको जनाएको छ । बीसीसीआईले अर्को सूचना नआएसम्मको लागि प्रतियोगिता स्थगित गरिएको जनाएको छ ।

'कोभिड-१९ लाई मध्येनजर गर्दै आईपीएलको सर्वोच्च निकाय बीसीसीआईले आईपीएल-२०२० स्थगित गर्ने निर्णय गरेको छ,' विज्ञप्तिमा भनिएको छ,' राष्ट्रको सुरक्षा र स्वास्थ्य हाम्रो प्राथमिकतामा रहन्छ । त्यसैले बीसीसीआई, फ्रेन्चाइज मालिक, प्रशारणकर्ता, प्रायोजक र सरोकार निकाय स्वीकार गर्दछ कि जब उपयुक्त र सुरक्षित रहन्छ तब आईपीएल सुरु हुन्छ ।'

भारतमा आगामी मे ३ सम्मका लागि लकडाउन लम्बिएसंगै आईपीएल स्थगित भएको हो । दोस्रो पटक स्थगित भएको आईपीएलले यो वर्ष हुने सम्भावना समेत कम भएको छ ।

यसअघि , आईपीएलको १३ औं संस्करण २९ मार्चबाट सुरु हुने तालिका थियो । तर, कोरोनाको कारण अप्रिल १५ बाटको नयाँ मिति तय गरिएको थियो । विश्वभर फैलिएको कोरोनाको कारण हाल विश्वका सबै खेलकुद रोकिएको छ । युरोकप देखि ओलम्पिक खेलकुदसमेत स्थगित भएको छ ।

# महिला विश्वकपका लागि चार टिम छनोट




**काठमाडौं, एजेन्सी-**भारत र पाकिस्तानबीचको एक दिवसीय क्रिकेट सिरिज रद्द भएपछि अर्को वर्ष न्युजिल्याण्डमा हुने महिला एक दिवसीय क्रिकेटमा भारत छनोट भएको छ । पाकिस्तानविरुद्धको छनोट सिरिज भारत सरकारले खेल्न अनुमति नदिए पछि रद्द भएको थियो ।

भारत र पाकिस्तानबीचका एक दिवसीय सिरिज गत वर्षको जुलाई र नोभेम्बरमा तय भएको थियो । तर भारत सरकारले पाकिस्तानसँग खेल्नका लागि अनुमति नै दिएन । सिरिज रद्द भएपछि दुवै टिमले समान अंक लिएका छन् ।

भारत र पाकिस्तानबीचको राजनीतिक समस्याका कारण दुई पक्षिय सिरिजहरु हुन सकेका छैनन् । दुवै देश आईसीसीको इभेन्टमा मात्रै खेल्दै आएका छन् । सिरिज रद्द भएपछि अस्ट्रेलिया ३७ अंकसहित शीर्ष स्थानमा रहँदै विश्वकपको छनोट पार गर्न सफल भयो ।

यस्तै इंग्ल्याण्ड २९ अंक, दक्षिण अफ्रिका २५ अंक र भारत २३ अंकसहित शीर्ष चार स्थानमा आफूलाई सुरक्षित राखेको हो । आईसीसीले शीर्ष चारमा रहेका टिमलाई विश्वकपमा सामेल गराउने छ । अरु टिमको भने पछि तय हुने छ ।

अब श्रीलंका, पाकिस्तान र वेस्टइण्डिजका साथै बंगलादेश आयरल्याण्ड र इस्टर्न रिजन विजेता थाइल्याण्ड, जिम्बाब्वे, पपुवा न्युगिनी, अमेरिका र नेदरल्याण्ड्सले क्वालीफायर म्याच खेल्नु पर्ने छ ।

क्वालीफायर म्याच ३ देखि १९ जुलाईसम्म श्रीलंकामा हुने छ । तर, अहिलेको कोरोना भाइरसको महामारीका कारण यो प्रतियोगिता पनि प्रभावित हुने सम्भावना बढेको छ ।

# सत्तारुढ दललाई संसदमा बहुमत



**सियोल, एजेन्सी-**दक्षिण कोरियाको बामपन्थी झुकाव राख्ने सत्तारुढ पार्टीले बुधबार सम्पन्न संसदीय निर्वाचनमा जित हासिल गरेको छ । कोरोनाभाइरस महामारीकै बीचमा सम्पन्न चुनावमा राष्ट्रपति मून जाए-इनको पक्षमा जनलहर देखिएको छ ।

राष्ट्रपति मूनको डेमोक्याट्रिक पार्टीले राष्ट्रिय सभामा पूर्ण बहुमत हासिल गरेको छ । विगत १२ वर्षमा संसदमा यसपटक मात्र कुनै दललाई पूर्ण बहुमत प्राप्त भएको हो । करिब ६६ प्रतिशत मतदान भएको यस पटकको चुनावमा जनसहभागिता दृष्टिले सन् १९९२ यताकै यो सबैभन्दा बढी हो ।

केही महिना अघि मात्र मूनमाथि शक्तिको दुरुपयोग गरेको र मुलुकको आर्थिक बृद्धि कमजोर बनेको भन्दै आलोचना हुन थालेको थियो । कतिपय आलोचकले राष्ट्रपति मूनले उत्तर कोरिया मामिलामा चालेका कदमहरु पनि अपरिपक्व रहेको बताउँदै आएका थिए ।

तर कोरोना महामारीलाई दक्षिण कोरियाले द्रुत र प्रभावकारी ढंगबाट व्यवस्थापन गरेपछि मूनमाथि जनताले फेरि विश्वास व्यक्त गरेका छन् । यसबीचमा कोरियाले २० भन्दा बढी मुलुकमा कोरोना परीक्षण किट समेत उपलब्ध गराएर उदाहरणीय कार्य गरेको छ ।

अमेरिकाको ओहायो स्टेट युनिभर्सिटीकी राजनीतिशास्त्री मिन्सोन कुले 'कोरोनाभाइरस कुटनीति' जस्ता कदमले मून प्रशासनको शाख बढाउनुका साथै जनतामा आत्मविश्वास बढाएको बताए । मूनले कम्तिमा २० वटा देशका सरकार प्रमुखहरुसँग भिडियो कन्फरेन्स मार्फत कुराकानी गरेका थिए ।

कोरोनाभाइरसको महामारीकै त्रासबीच दक्षिण कोरियामा बुधबार संसदको चुनाव भएको थियो । मतदान केन्द्रहरुमा आम मतदाताहरु सामाजिक दूरी कायम गर्दै मास्क लगाएर उपस्थित भएका थिए ।

राष्ट्रपति मून जाए-इनका लागि मध्यावधि जनमतसंग्रहका रुपमा हेरिएको यस संसदीय चुनावलाई स्थगन गर्न दबाब दिइए पनि सरकारले चुनाव नसार्ने निर्णय गरेको थियो ।

कोरियाली मतदाताहरु विचारधारात्मक, पुस्तागत मान्यता तथा क्षेत्रीयताका आधारमा बाँडिएका भए पनि पछिल्लो चुनावी मतसर्वेक्षणले राष्ट्रपति मून र उनको उदारवादी पार्टीले स्पष्ट बहुमत हासिल गर्न सक्ने देखाएका थिए । खासगरी, चीन, युरोप र उत्तर अमेरिकी मुलुकमा कोरोनाभाइरसले सवाधिक असर पारेको भए पनि कोरियाले अपनाएको कोरोना परीक्षण र क्वारेन्टिनको चुस्त शैलीले आमजनतामा विश्वास बढाएको पाइएको छ ।

दक्षिण कोरियाको ३०० सदस्यीय संसदको प्रत्येक चार वर्षमा चुनाव हुने गर्दछ । संसदका २५३ जना विभिन्न जिल्लाबाट प्रत्यक्ष निर्वाचित हुन्छन् भने बाँकी ४७ स्थान समानुपातिक प्रतिनिधित्व हुने गर्दछ ।

पछिल्लो मतपरिणाम अनुसार मूनको डेमोक्याट्रिक पार्टीले १६३ स्थान जितेको छ भने यसको गठबन्धन दलले पनि १७ स्थान जितेको छ । यसबाट डेमोक्याट्रिक पार्टीले कूल १८० स्थान प्राप्त गर्नेछ ।

विपक्षी युनाइटेड फ्युचर पार्टीले १०३ स्थान जितेको छ ।

# जुडो संघको निर्वाचन स्थगित




**काठमाडौं, मस–** नयाँ नेतृत्व चयनका लागि यसै साता हुने भनिएको नेपाल जुडो संघको केन्द्रिय निर्वाचन स्थगित भएको छ । संघले बिहीवार एक विज्ञप्ति जारी गर्दै कोरोना भाईरसको महामारीको कारण बैशाख ६ गते हुने भनिएको निर्वाचन स्थगित भएको जनाएको छ ।

विश्वभर फैलिएको महामारीको रुपमा फैलिएको कोरोनाबाट सुरक्षित रहन सरकार र राष्ट्रिय खेलकुद परिषद (राखेप) ले सभा, सम्मेलन, गोष्ठी नगर्न सूचना जारी भएको कारण साधारणसभा स्थगित गरिएको संघका अध्यक्ष दिपक हर्ष बज्राचार्यले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

संघले साधारणसभा अवस्था सामान्य भएपछि बस्ने बैठकले तय गर्ने समेत जनाएको छ ।' सरकार र राष्ट्रिय खेलकुद परिषद (राखेप) ले सभा, सम्मेलन, गोष्ठी नगर्न सूचना जारी भएको व्यहोरा सबैलाई ज्ञात नै छ,' विज्ञप्तिमा भनिएको छ,' यस्तो अवस्थामा संघको जिल्ला र केन्द्रिय स्तरको साधारणसभा तथा यस संघको नियमित बैठक समेत गर्न सम्भव नभएकोले यस संघको जिल्ला र केन्द्रीय स्तरको साधारणसभा हाललाई स्थगित गर्ने र अवस्था सामान्य भएपछि बैठक बसी उपयुक्त समयमा साधारणसभा गरिने व्यहोरा सूचित गरिन्छ ।'

कोरोनालाई मध्येनजर गर्दै सरकारले बैशाख १५ गतेसम्म लकडाउनको घोषणा गरेको छ । नेपालमा १६ जनाको कोरोनाको संक्रमण देखिएको छ । कोरोनाको कारण यस अघि चैत २९ गते हुने भनिएको नेपाल आर्चरी संघको निर्वाचन समेत स्थगित भएको थियो ।

# लकडाउन पालना गराउँदा १८ को मृत्यु

**नाइजेरिया, एजेन्सी-** कोरोनाभाइरस सङ्क्रमण फैलिन रोक्न सरकारद्वारा घोषणा गरेको बन्दाबन्दी (लकडाउन) को पालना गराउने क्रममा यहाँका विभिन्न राज्यमा झडप हुँदा कम्तीमा १८ नागरिकको मृत्यु भएको यहाँको मानव अधिकारवादी समूहले बिहीबार बताएको छ । नाइजेरियाको ठूलो सहर लागोस र अबुजामा पूर्णरूपमा बन्दाबन्दी भएको छ भने अन्य केही राज्य र शहरमा अत्यावश्यक सेवाबाहेक घरबाहिर ननिस्कन प्रशासनले नागरिकसँग आग्रह गरेको छ । सङ्क्रमण फैलिन नदिन घोषणा गरिएको लकडाउनको पालना गराउन प्रशासनले प्रहरी तथा सेनासमेतलाई परिचालन गरेको छ ।

मानवअधिकारवादी समूहले भनेको छ, 'नाइजेरियामा बन्दाबन्दीको पालना गराउने क्रममा देशका विभिन्न राज्यमा झडपका कारण मृत्यु हुनेको सङ्ख्या अहिलेसम्म सङ्क्रमणका कारण मृत्यु भएका व्यक्तिको सङ्ख्याभन्दा बढी छ ।'


जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८



वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# कोरोना भाइरसको बीमा गर्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ बैशाख

बीमा समितिले विभिन्न बीमा कम्पनीहरुलाई विश्वभर फैलिएको नोबल कोरोना भाईरसको पनि बीमा गर्न निर्देशन दिएको छ। समितिले बिहीबार एक सुचना जारी गर्दै निर्जिवन बीमा कम्पनीहरुलाई कारोना भाईरसबाट लाग्ने कोभिड-१९ रोगको बीमालेख जारी गर्न निर्देशन दिएको हो।

कोरोना भाइरसबाट उत्पन्न हुनसक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न समितिले बीमा कम्पनीहरुलाई कोरोना भाइरससम्बन्धी बीमालेख जारी निर्देशन दिइएको हो। समितिको निर्देशन अनुसार अबका दिनमा सबै निर्जीवन बीमा कम्पनीहरुको बीमा पुलमार्फत कोरोना भाइरस सम्बन्धी बीमा जारी गर्न सक्ने बीमा समितिको निर्देशनमा उल्लेख छ। जसअनुसार बीमा कम्पनीहरुले हाल विद्यमान रहेको घातक रोग सरहको




बीमालेख अनुसार हुने गरी गर्नुपर्ने र यस्तो बिमा अन्तर्गत क र ख श्रेणी कायम गरी बिमांक कायम गर्नुपर्नेछ। बीमा समितिका अनुसार कम्पनीहरुले न्युनतम ५० हजारदेखि १ लाख रुपैयाँसम्मको बीमा गर्न सक्नेछन्। क बर्गको १ लाखको बीमा गराउँदा एक व्यक्तिको हकमा १ हजार रुपैयाँ प्रिमियम र परिवारको हकमा प्रतिव्यक्ति ६ सय रुपैयाँ प्रिमियम तिर्नुपर्ने हुन्छ। यसैगरी 'ख' बर्ग अन्तरगत ५ हजार रुपैयाँसम्मको बीमा गर्न सकिनेछ यसरी बीमा गर्दा व्यक्तिगत रुपमा ५ सय रुपैयाँ र पारिवारिक बीमा गराउँदा प्रतिव्यक्ति ३ सय रुपैयाँ प्रिमियम तिर्नुपर्ने हुन्छ। यस्तो बीमा दावी भुक्तानीको समय सिमा १५ दिन तोकिएको छ। जस अनुसार बीमा गराएको १५ दिन भित्रमा पीसीआर टेष्ट गराउँदा कोरोना संक्रमण देखिएका बीमा गर्ने व्यक्तिले प्रिमियम अनुसार ५० हजारदेखि १ लाख रुपैयाँसमम तुरुन्त उपाचार खर्च पाउनेछन्। साथै एकपटक बीमा गराएपछि सो प्रिमियमको समयावधि रहुन्जेल जहिले कोरोना संक्रम भएपनि बीमा पोलिसी लागू हुनेछ। साथै कोरोना भाइरस बीमाको व्यवस्थापन लघुबीमा अन्तर्गत मौजुदा लघु बिमा पुलमार्फत गर्नुपर्ने हुन्छ भने यस्ता बीमालेख जारी गर्दा हाल कृषि बीमा तथा घुम्ती बीमाका लागि तोकिएको जिल्लाहरुमा कार्यरत बीमा कम्पनीहरुले अनिवार्य रुपमा कार्यान्वयन निर्देशनका उल्लेख गरिएको छ।

# लकडाउनका बाबजुद पुन: गति लिँदै मेलम्ची खानेपानी आयोजना

**सञ्चिता घिमिरे/रासस**
काठमाडौ, ४ बैशाख

'लकडाउन' को पहिलो साता केही शुस्त बनेको मेलम्ची खानेपानी आयोजना निर्माण कार्यले पुन: गति लिएको छ। राष्ट्रिय गौरवको सो आयोजनामा 'लकडाउन' को पहिलो साता कतिपय मजदूर घर फर्कका थिए भने चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोले आवश्यक निर्माण सामग्री ल्याउन सकेको थिएन। अहिले मजदूर आउन थाले र निर्माण सामग्रीका लागि प्रशासनले पास उपलब्ध गरेकाले निर्माणको काम अघि बढेको मेलम्ची खानेपानी आयोजनाका सिनियर डिभिजनल इञ्जिनीयर कमलराज श्रेष्ठले बताए। सरकारले अत्यावश्यक वस्तुसँगै ठूला आयोजनालाई तोकिएको स्वास्थ्य मापदण्ड पूरा गरी सञ्चालन गर्न दिने निर्णय गरेपछि यहाँ कामका लागि वातावरण बनेको हो। 'लकडाउन' पहिले यहाँ काम गरिरहेका झण्डै ४० जना दोलखाका कामदार घर फर्किएका छन्। ती बाहेक कतिपय टाढाका जिल्लाका र कतिपय स्थानीय कामदार काममा लागेकाले अहिले निर्माण स्थलमा झण्डै दुई सय कामदार कार्यरत छन्। उनले भने, "गत सातादेखि नै नियमित रुपमा नै काम भइरहेको छ।"

उपप्रधानमन्त्री ईश्वर पोखरेल संयोजक रहेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिको दुई साता पहिलेको बैठकले आयोजनामा सुरक्षाका सबै उपाय अपनाएर बाहिरबाट प्रवेश गर्न नदिई भित्रकै कामदारलाई परिचालन गरी सञ्चालन गर्न दिने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा जिल्ला प्रशासन कार्यालयले सवारी पास उपलब्ध गराएकाले काम अघि बढीरहेको सिनियर डिभिजनल इञ्जिनीयर श्रेष्ठले बताए। यहाँको निर्माणलाई आवश्यक पर्ने गिटिका लागि प्रशासनले क्रसर उद्योग समेत सञ्चालनको अनुमति दिएको थियो। उनले भने, "१२ ट्रकलाई अनुमति दिइएकामा तीनले विभिन्न स्थानबाट निर्माण सामग्री ल्याइरहेका छन्।"

आयोजनाले यहाँको निर्माणलाई प्रशोधन केन्द्र, हेडबक्स र सुरुङमार्ग गरी तीन भागमा विभाजन गरेको छ। जसमध्ये सुन्दरीजलमा दुवै प्रशोधन केन्द्रको निर्माण सम्पन्न भइसकेर परीक्षण भइरहेको छ। अहिले सुरुङ भित्र पनि निर्माणका धेरै काम सकिएकाले अन्तिम काम (फिनिसिङ) भइरहेको छ। अहिले सुरुङ भित्र गेटको काम, भित्तामा रड खुसार्ने काम र ती कतिको बलिया छन् भन्नेबारे अध्ययन भइरहेको छ। हेडबक्समा आवश्यक काम भइरहेको र सुन्दरीजलको प्रशोधन केन्द्रसम्म ल्याइने पाइप निर्माणको काम अघि बढेको छ। उनले भने, "हेडबक्समा काम बाँकी भएकाले त्यहाँ नियमित भइरहेको छ।"

सङ्घीय सरकारले थोरै समयमै सम्पन्न हुनसक्ने आयोजनाका रुपमा निर्माण अघि बढाउने निर्णय गरेपनि स्थानीयवासी र हेलम्बु गाउँपालिकाले भने निर्माणस्थलमा हुने ओहोरदोहोरका कारण स्वास्थ्य जोखिममा हुने भन्दै चासो देखाइरहेका छन्। 'लकडाउन' घोषणा हुनासाथ महिला समूह निर्माण रोक्न भन्दै निर्माणस्थल पुगेको थियो। उनीहरुसँग वार्ता गरेर निर्माण अघि बढीरहेको थियो। बुधबारदेखि गाउँपालिकाको वडा नम्वर ४ ले निर्माणस्थलको प्रवेशद्वारमै तालाबन्दी गरेको उनले बताए। गाउँपालिकाले अत्यावश्यक खाद्यन्न र एम्बुलेन्स बाहेकका सवारीसाधन चल्न नदिने निर्णय गरेको थियो। सोहीअनुसार वडा कार्यालयले आफ्नो क्षेत्रमा अरु सवारीसाधन प्रवेशमा रोक लगाएको हो। निर्माण सामग्री हुँदा नियमित रुपमा काम गर्न कठीन नभएपनि निर्माण सामग्री ल्याउन स्थानीय सरकारको अवरोध आउने गरेको सिनियर डिभिजनल इञ्जिनीयर श्रेष्ठले बताए। उनले भने, "सिमेन्ट लिन जाँदा त्यता रोकिने त कहिले निर्माणस्थल छिर्न कठीनजस्ता समस्या आइरहेको छ।"

निर्माणस्थलमा रहेका सामग्री कति बाँकी छ भन्ने यकिन नभएपनि ती सामग्रीबाट केही समयसम्म काम गर्न सकिने बरिष्ठ डिभिजनल इञ्जिनीयर श्रेष्ठले बताए। निर्माण कम्पनीले यहाँ रहेका सबै चिनियाँ र उपलब्ध नेपाली कामदारलाई काममा लगाइरहेको छ। आवश्यक स्वास्थ्य सुरक्षा अपनाएर निर्माणको काम भइरहेको आयोजनाले जनाएको छ। 'लकडाउन' पहिले केही चिनियाँ घर फर्किए पनि अधिकांश चिनियाँ निर्माणस्थलमै कार्यरत छन्। अहिले चिनियाँ दक्ष कामदार झण्डै ४० देखि ५० जनासम्म निर्माणस्थलमा रहेका छन्। उनले भने, "लकडाउनको शुरुदेखि अहिलेसम्म चिनियाँ नियमित काम गरिरहेका छन्।"

नयाँ निर्माण कम्पनीले नियमित रुपमा गर्दै आएको कामको गतिका आधारमा आगामी असारसम्मम उपत्यकामा मेलम्चीको पानी आइपुग्ने आयोजनाले बताउँदै आएको थियो। खानेपानी तथा सरसफाइमन्त्री बिना मगरले केही महिना पहिले श्वेतपत्र जारी गर्दै असारसम्ममा पानी आइपुग्ने प्रतिबद्धता जनाएका थिए। तत्काल काम पहिलेकै गतिमा गर्न सकेमा अहिले पनि लक्षित समयमै काम सकिने उनले बताए। अहिलेसम्म पनि काममा धेरै ढिला नभएकाले प्रशासनले र स्थानीय तहले सहयोग गर्दा अझै पनि असारमै काठमाडौंमा पानी झार्ने सम्भावना छ। उनले भने, "अझै तीन महिना बाँकी भएकाले सरकारले विशेष महत्व दिएर काम गर्ने वातावातरण बनाउँदा गर्न सकिन्छ।"

आयोजना यस अघि कार्यरत इटालीयन निर्माण कम्पनी सिएमसीले आयोजना सम्पन्न नहुँदै छाडेर गएपछि अलपत्र परेको खानेपानी आयोजनाको काम चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोले अघि बढाएको छ। आयोजना स्थल हेलम्बु गाउँपालिका-१ अम्बाथानमा नेपाली र चिनियाँ गरी झण्डै दुई सयले काम गर्दै आएका थिए। सरकारले बाँकी भनिएको पाँच प्रतिशत काम १५ महिनामा सम्पन्न गर्ने गरी कम्पनीसँग गत वर्ष सम्झौता गरेको थियो।

# राज्यले काम दिने कि लामो दूरी हिँडाउने ?



**अनिल बोगटी**

अहिलेको वर्तमानस्थिति भनेको विश्व महामारीको रुपमा देखिएको कोरोना भाइरस (कोभिड-१९) लाई पराजित गर्नु नै हो। यसका लागि एकातर्फ आफु सुरक्षित रहेर अरुपनि सुरक्षित रहुन् भन्नका खातिर सहकार्य, सद्भाव कायम गरेर एकले अर्कालाई सहयोग गर्नु हो भने अर्कोतर्फ कोभिड-१९ फैलन नदिन देश पुरै लकडाउन गरिएको र यातायात बन्द गरिएको अवस्थामा आफनो आय आर्जनको काम रोकिएकोले या काम हुँदा हुँदैपनि कोभिड-१९ को त्रासले मानिसहरु आफुले काम गरिरहेको ठाउँ या शहर छोडेर आ-आफ्ना गाउँ ठाउँ तर्फ फर्कनेक्रम बढ्दो छ।

यस्तो परिस्थितिमा मानिसहरु लामोदरीको यात्रा तय गरेर पैदल फर्कि रहेका छन्। यो क्षणिक समयको लागि ठिकै होला, तर यो समस्याको निदान चाहिं होइन। यस्तो वेलामा हामी सबैमा जो जहाँ छौं, त्यहिं बसेर आफुपनि सुरक्षित बनौं र अरुलाईपनि सुरक्षित रहन सहयोग गरौं, कोभिड-१९ फैलन नदिउ भन्ने सोच आउन जरुरी देखिन्छ।


कोभिड-१९ बाट त्रसित रहेका, वेरोजगार रहेका, लामो दुरीको चुनौति मोलेर फर्किरहेका दक्ष, अदक्ष मेहनतकस श्रमजिवी श्रमिकहरुलाई सम्बन्धित निकायले उत्पादनमुलक कार्यमा लगाउन सकिन्छ र यो चाही उत्तम विकल्प हुनसक्दछ।

उदाहरणका लागि वेरोजगार भएका र लामो दुरीको चुनौति मोलेर फर्किरहेका श्रमिकहरुलाई एउटा निश्चित दुरी कायम गरी सुरक्षित तवरले औषधि कारखाना, खानेपानीको उत्पादन, बाटोको सरसफाई, पुनर्सनिर्माण कार्य, सुरक्षा स्वयंसेवकजस्ता राष्ट्रिय उत्पादनहरुको काममा लगाउन सकिन्छ। ताकि विचल्लीमा देखिएका श्रमिकहरुले तत्कालको लागि रोजगारी पाउन सक्छन् र अस्थाई रुपमा उनीहरु जहाँ छन् तिनीहरुको त्यहिं व्यवस्थापनपनि हुनेछ भने राज्यको उत्पादनमुलक कार्यपनि सुचारु रहनेछ।

यस्तो कुराहरुमा राज्यको ध्यान जान जरुरी देखिन्छ। किनकी संकटको बेलामा उचित निर्णय लिन सक्नु नै दूरदर्शिता हो।

*(बोगटी युवा संघ नेपालका केन्द्रिय सदस्य हुन्।)*

# काठमाडौंका २८ किमि सडकमा एज मार्किङ लगाइयो



**काठमाडौं/मस**-काठमाडौंका सडकहरुलाई चिटिक्क बनाउने काम भइरहेको छ। सडक व्यवस्थापनको अभिन्न अङ्ग मानिने सडक चिन्ह (मार्किङ) लगाउने काम भइरहेको छ।

अहिलेसम्म जिल्लाभित्र कालोपत्र थपिएको (ओभर ले) झण्डै २८ किलोमिटर सडकमा चिन्ह लगाएको डिभिजन सडक कार्यालय काठमाडौंले जनाएको छ। 'लकडाउन' का कारण सबै विकास निर्माण ठप्प हुँदा काठमाडौंका मुख्य र सहायक सडकमा चिन्ह लगाइएको हो। ती सबै स्थानमा सामाजिक दूरी कायम गरेर काम भएको डिभिजन सडक कार्यालय काठमाडौंका प्रमुख कुबेर नेपालीले बताए।

धेरै जनशक्ति र उपकरण नचाहिने हुँदा यो समयमा समेत काम गरिएको उनले बताए। उपत्यकामा बालुवाटार, रामशाह पथ, सुन्धारालगायतका धेरै स्थानमा सडकमा चिन्ह लगाइएको छ। उनले भने, "सामान्य अवस्थामा सवार िसाधनको चाप बढी हुने भएपनि अहिले सडक खाली हुँदा काम गर्न पनि सजिलो भयो।" सडकका दुबै लेनमा 'ओभर ले' भएका सडकमा मात्रै सडक चिन्ह लगाइएको हो।

काठमाडौं उपत्यकामा धेरै स्थानमा 'ओभर ले' को काम 'लकडाउन' का कारण ठप्प छन्। तीनकुने-गौशाला लगायत एकातिर काम सकिएर अर्को लेनतर्फ गर्न बाँकी रहेकाले त्यस्ता सडकमा भने चिन्ह लगाइएको छैन। उनले भने, "अर्को लेनमा कालोपत्र गर्दा रङ्ग जाने हुनाले अहिले नगरिएको हो।"

'लकडाउन' का समयमा सडक चिन्ह लगाउने कामका कारण उपत्यकाका सडक चिटिक्क देखिएका छन्। एकातर्फ सवार िसधानको चाप कम र अर्कातिर भर्खर कालोपत्र भएका सडकमा पोतिएका सडक चिन्हले उपत्यकाको मुहार नै फेरिएको छ। 'लकडाउन' मा काम गर्दा कतै अवरोध आउँछ कि भन्ने अन्यौल भएपनि अहिले यो कामले धेरैको प्रशंसा पाइरहेको छ। सडक चिन्हका कारण यात्रु र चालकसँगै ट्राफिक प्रहरीलाई समेत सडक व्यवस्थापन गर्न सजिलो हुने गरेको छ।

# बैंक नखुल्दा सेवाग्राही मर्कामा

**काठमाडौं/मस**-कोभिड-१९ को जोखिम हुन नदिन बन्दाबन्दी (लकडाउन)जारी रहदा हेटौडाका बैंक तथा वित्तीय संस्थाले सेवा प्रवाह नगर्दा सेवाग्राही समस्यामा परेका छन्।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी दीपराज नेपालको अध्यक्षतामा हालै बसेको बैठकले नियमित रुपमा बैंक तथा वित्तीय संस्थाहरु सञ्चालन गर्नुपर्ने र एटीएम पनि खुल्ला राख्ने निर्णय गरेको थियो। तर प्रशासनको निर्णयअनुसार वित्तीय सस्थाले आफ्ना सेवालाई सुचारु नगर्दा सेवाग्राही समस्यामा परेको जनाइएको छ।

सेवाग्राहीले बैंकमा रकम झिक्न र लिन जाँदा बैंकहरु बन्द रहेको बताएका छन्। हेटौंडामा एनआइसी एशिया, सिर्जना, माच्छापुछ्रे, मेघा, नोविल, एनएमबी लगायतका अधिकांश बैंक तथा वित्तीय संस्था बन्द रहेको गुनासो पाइएको छ।

सेवाग्राहीका अनुसार बैंकका पहरेदार(गार्ड)ले मुख्यद्वारबाट फर्काउने गरेको तथा एटिएम बिग्रेको तथा कम्प्युटरमा नेटवर्क कम आएको बताउँदै फर्काउने गरेको छ।

# सातै प्रदेशका कोरोना कोषमा एनआईसी एशियाको १ करोड ५ लाख सहयोग

**काठमाडौं/मस**-एनआईसी एशिया बैंकले सातै प्रदेशको कोरोना रोकथाम तथा नियन्त्रण कोषमा १ करोड ५ लाख रुपैयाँ सहयोग गरेको छ। विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (रोगको संक्रमणलाई फैलिन नदिन एवं सोको रोकथाम तथा नियन्त्रणका लागि सहयोग पुऱ्याउने उद्देश्यले देशका सातै प्रदेश सरकारको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रू १५/१५ लाख गरी कुल रू १ करोड ५ लाख रकम प्रदान गरेको हो।

बैंकले आफ्नो सामाजिक उत्तरदायित्व महसुस गर्दै मुलुकलाई परेको पिडामा सघाउ पुऱ्याउन उक्त सहयोग रकम सम्बन्धित प्रदेश सरकारका बैंक खातामा जम्मा गरेको छ। उक्त सहयोग रकममा बैंकको तर्फबाट १० लाख र कर्मचारीको तर्फबाट रू ५ लाख समावेश गरी रू १५ लाखका दरले प्रत्येक प्रदेश सरकारलाई सहयोग गरिएको बैंकले जनाएको छ। कोरोना भाइरसको संक्रमण फैलिन नदिन नेपाल सरकारले पूर्ण रूपमा आवतजावतमा प्रतिबन्ध लगाउँदै लकडाउन घोषणा गरेको वर्तमान अवस्थाले मुलुकको उद्योग, कलकारखाना, व्यापार, व्यवसाय, पर्यटन लगायत क्षेत्रहरू प्रभावित भैरहेको यस असहज परिस्थितिमा बैंकले उक्त रकम कोरोना विरूद्ध लड्नका लागि प्रदान गरेको हो।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**